# इन फोकस

मासिक न्यूजलेटर
अंक ५०

## चौथो वार्षिक साधारण सभा सम्पन्न, सञ्चालकहरू निर्विरोध निर्वाचित



एसवाई प्यानल नेपाल लिमिटेडको चौथो वार्षिक साधारण सभा मिति २०८२ पुस ३० गते (१४ जनवरी २०२६) चितवन जिल्ला, रत्ननगर नगरपालिका-९, निपनीस्थित होटल स्टारमा सफलतापूर्वक सम्पन्न भएको छ । कम्पनीको प्रबन्धपत्र, नियमावली, सञ्चालक निर्वाचन निर्देशिका तथा कम्पनी ऐन, २०६३ अनुसार उक्त साधारण सभा आयोजना गरिएको हो ।




सञ्चालक निर्वाचन समितिद्वारा प्रकाशित अनुसूची-१३ (विजयी उम्मेदवारको घोषणा) अनुसार संस्थापक समूह तथा सर्वसाधारण शेयरधनी समूहबाट गरी जम्मा ६ जना सञ्चालकहरू निर्विरोध रूपमा निर्वाचित भएका छन् । संस्थापक समूह तर्फ खुला समूहबाट निर्वाचित सञ्चालकहरूमा SY Co. Ltd. (दक्षिण कोरिया) का प्रतिनिधि श्री छोई डोङ इल, श्री होङ यङदोङ (दक्षिण कोरिया), श्री ली ह्वा चुन (दक्षिण कोरिया) तथा श्री महेश्वर कर्माचार्य (काठमाडौं) रहनुभयको छ । त्यसैगरी, सर्वसाधारण शेयरधनी समूह तर्फ खुला समूहबाट श्री सीताराम थपलिया (काठमाडौं) निर्वाचित हुनुभयो भने सर्वसाधारण तर्फ महिला समूहबाट श्री राधा पौडेल (अल्का इन्भेस्टमेन्ट प्रा.लि. की प्रतिनिधि, काठमाडौं) निर्वाचित हुनुभएको छ ।











कम्पनीले नवनिर्वाचित सम्पूर्ण सञ्चालकहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै उनीहरूको कार्यकाल कम्पनीको दीर्घकालीन लक्ष्य प्राप्ति, सुशासन र दिगो विकासका लागि प्रभावकारी, उत्तरदायी तथा सफल रहने विश्वास व्यक्त गरेको छ ।




# अपाङ्ग पुनर्स्थापना केन्द्रमा सहयोग कार्यक्रम सम्पन्न




एसवाई प्यानल नेपाल लिमिटेडले संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत गोकर्णेश्वर-४, काठमाडौं अवस्थित अपाङ्ग पुनर्स्थापना केन्द्र नेपालमा सहयोग कार्यक्रम सम्पन्न गरेको छ । समाजका आर्थिक तथा सामाजिक रूपमा कमजोर वर्गलाई सहयोग पुऱ्याउने उद्देश्यले कम्पनीले उक्त कार्यक्रम गरेको हो ।



कार्यक्रम अन्तर्गत केन्द्रमा आश्रित बालबालिकाहरूका आवश्यकता पूरा गर्न सहयोग स्वरूप लत्ताकपडा, खाद्यान्न, पठनपाठनका लागि आवश्यक शैक्षिक सामग्री तथा नगद रकम हस्तान्तरण गरिएको छ । यस सहयोगले बालबालिकाको जीवनस्तर सुधार तथा उनीहरूको शिक्षा र स्वास्थ्य क्षेत्रमा सकारात्मक प्रभाव पर्ने अपेक्षा गरिएको छ ।

सहयोग हस्तान्तरण कार्यक्रममा बोल्दै कम्पनीका जनरल डाइरेक्टर सशी शाह र डाइरेक्टर अविरल जिम्बाले नाफामूलक व्यवसायले केवल आर्थिक लाभ मात्र नभई समाजप्रति उत्तरदायी भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिनुभयो । उहाँहरूले भन्नुभयो, "कुनै पनि कम्पनीको वास्तविक सफलता नाफामा मात्र सीमित हुँदैन, समाजमा सकारात्मक योगदान दिन सक्नु नै दीर्घकालीन उपलब्धि हो । एसवाई प्यानल नेपालले आवश्यकता परेका स्थानमा सहयोग गर्दै आएको छ र आगामी दिनहरूमा पनि सामाजिक सेवाका कार्यक्रमहरूलाई निरन्तरता दिनेछ ।" उहाँहरूले शिक्षा, स्वास्थ्य तथा पुनर्स्थापनाको क्षेत्रमा गरिने सहयोगले दीर्घकालीन सामाजिक परिवर्तन ल्याउन सक्ने विश्वास व्यक्त गर्दै कम्पनीले यस किसिमका कार्यक्रमलाई आफ्नो प्रमुख दायित्वका रूपमा लिएको पनि बताउनुभयो ।



त्यसैगरी, अपाङ्ग पुनर्स्थापना केन्द्रका अध्यक्षले एसवाई प्यानल नेपालले देखाएको सहयोगभावप्रति धन्यवाद ज्ञापन गर्दै प्राप्त सहयोग रकम बालबालिकाको शिक्षा, पोषण तथा स्वास्थ्य सेवामा प्रभावकारी रूपमा प्रयोग गरिने जानकारी दिनुभयो । उहाँले निजी क्षेत्रबाट यस्ता सहयोग कार्यक्रमले समाजमा सकारात्मक सन्देश जाने समेत उल्लेख गर्नुभयो ।



एसवाई प्यानल नेपालले विगतका वर्षहरूदेखि नै सामाजिक उत्तरदायित्वलाई प्राथमिकतामा राख्दै शिक्षा, स्वास्थ्य, विपद् प्रभावित क्षेत्र तथा विपन्न समुदाय लक्षित विभिन्न सामाजिक तथा परोपकारी कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।



## घर निर्माणमा रुचि देखाउनुभएका व्यक्तिहरूको सूची

| S.N. | Name | Address | Project |
|---|---|---|---|
| 1 | Subash Khadka | Ramkot | Roof Extension |
| 2 | Beezay Magar | Nawalpaarasi | House |
| 3 | Riyaz | Hattiban | EPS Panels |
| 4 | Yagya Raj Dhungana | Chitwan | Roof Panels |
| 5 | Prakash Dahal | Nawalpur | House |
| 6 | Abishek sah | Birgunj | Hall |
| 7 | Rajendra | Itahari | House |
| 8 | Parmika Grg | Letang | House |
| 9 | Saphal Bhandari | Pokhara | House |
| 10 | Norbu Lama | Gokarna | House |
| 11 | Nikhil Man Shrestha | Tokha | House |
| 12 | Arpan Wagle | Gwarko | Extension |
| 13 | Dipesh Thapa | Makwanpur | Extension |
| 14 | Narendra Singh Bhandari | Mahendranagar | House |
| 15 | Dillisher Rai | Bhaktapur | House |

# SY Panel Nepal Limited

सुविधानगर, तिनकुने, काठमाडौं
**फोन:** ०१ - ४१११७०४, ०१-५९२९३४५

## कारखाना

रत्ननगर १४, पिठुवा, चितवन
**फोन:** ०५६ - ५६०२७४, ५६०६४४

## मार्केटिङ

(जनरल डाइरेक्टर) शशी साह : ९८५१३३८३२६
(डाइरेक्टर) दिपक लुङ्गेली : ९८५१३३८३५२
(डाइरेक्टर) अविरल जिम्बा : ९८५१३३८३५१
(डाइरेक्टर) अनिल सापकोटा : ९८५१३३८३२९ (चितवन)
(टेक्निकल मार्केटिङ अफिसर) राम काजी तामाङ : ९८४४२०४०४०
(मार्केटिङ म्यानेजर) किरण बहादुर थापा : ९८५१३५०८९५
(मार्केटिङ अफिसर) रुजन कोजु : ९८५१३३८३५४
(मार्केटिङ अफिसर) रविन श्रेष्ठ : ९८५१३३८३५३
(मार्केटिङ म्यानेजर) नवीन घले : ९८५१३३८३६९ (चितवन)
(सेल्स अफिसर) सोम बहादुर तामाङ : ९८५१३५०८९६
(सेल्स अफिसर) सिशिर लुङ्गेली : ९८५१३५०८९७
असोक बस्याल: ९८५५०८०८०५ (चितवन)
मनिष श्रेष्ठ: ९८५१३६०४७०
गोपाल गर्ती मगर: ९८५८०३५१८८

### पत्रचार गर्ने ठेगाना

synepal34@gmail.com
synepal.com

### हामी सँग सामाजिक सञ्जालमा जोडिन

facebook.com/sypanelnepal
instagram.com/sypanel.np
youtube.com/ sypanelnepal